खबर नागरिक
KHABAR NAGARIK
E-paper
खबर नागरिकको समाचार हाम्रो

खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो
www.khabarnagarik.com CLICK

Khabar Nagarik | खबर नागरिक | २०८२ माघ ७ गते बुधबार (Tuesday 20 Jan 2026) | www.khabarnagarik.com

# रुपन्देहीमा ५ पदको लागि १५९ जनाको उम्मेदवारी

**खबर नागरिक**

भैरहवा।

प्रतिनिधि सभा सदस्यको प्रत्यक्षतर्फको उम्मेदवारीको लागि रुपन्देहीबाट १ सय ५९ जनाले उम्मेदवारी दिएका छन। मंगलबार साँझ ५ बजेसम्म भएको मनोनयनको समयावधिमा रुपन्देहीको ५ वटा निर्वाचन क्षेत्रबाट सो संख्यामा उम्मेदवारले मनोनयन दर्ता गराएका हुन।

जिल्ला निर्वाचन कार्यालय रुपन्देहीकी प्रमुख निर्वाचन अधिकारी कल्पना अर्यालका अनुसार रुपन्देही क्षेत्र नम्बर १ बाट ३२ जना, क्षेत्र नम्बर २ बाट ४१ जना, क्षेत्र नम्बर ३ बाट ३६ जना, क्षेत्र नम्बर ४ बाट २२ जना र क्षेत्र नम्बर ५ बाट २८ जनाले मनोनयन दर्ता गराएका जानकारी दिईन। केहीको कागजातमा केही समस्या भएकोले संख्यामा केही फरक हुन सक्ने बताइन।

कार्यालयका अनुसार स्वतन्त्र रुपमा उल्लेखीय रुपमा उम्मेदवारी दर्ता भएको छ। जस अनुसार क्षेत्र नम्बर १ मा १२, २ मा २०, ३ मा १७, ४ मा ७ र ५ मा ९ जना गरी ६५ जनाले स्वत्रन रुपमा उममेदवारी दिएका छन भने ९४ जनाले दलबाट उम्मेदवारी दिएका छन। उम्मेदवारी दिएका मध्ये न्यून मात्रामा महिला रहेका छन।

निर्वाचन आयोगले तोकेको मनोनयनको समयमा दल र स्वतन्त्रले सम्बन्धित निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतको कार्यालयमा पुगेर उम्मेदवारी दर्ता गरेका हुन्।

रुपन्देहीका मुख्य निर्वाचन अधिकृत अशोककुमार बस्नेतले शान्तिपूर्वक रुपमा उम्मेदवारी दर्ता भएको जनाए। यहाँ उत्साहका साथ निर्वाचन पर्वका लागि सबै निर्वाचन क्षेत्रमा प्रमुख दल कांग्रेस, एमाले, नेकपा, राप्रपा, रास्वपा, जनमत, जसपा नेपाल लगायत दलले मनोनयन दर्ता गरेका छन्। 'सबै दल र स्वतन्त्ररुपमा पनि पाँचवटै क्षेत्रमा मनोनयन भएको छ', उनले भने, ' निकै उत्साहका साथ मनोनयन हुँदा सबै उत्साहित छौं।' उनले निर्वाचन हुँदैन की भन्ने आशंकाहरु पनि मनोनयसँगै सकिएको बताए। 'अब, मुलुक निर्वाचनमा होमियो', उनले भने, 'निर्वाचनलाई उत्सवका रुपमा मनाउनुपर्छ।'




साँझ ५ बजेसम्म मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा प्रवेश गर्ने उम्मेदवारले दर्ता प्रक्रिया पूरा गरेका हुन।

निर्वाचन क्षेत्र नम्बर १ मा नेपाली काँग्रेसबाट हिराबहादुर केसी, एमालेबाट दधिराम न्यौपाने, रास्वपाबाट सुनिल लम्साल , राप्रपाबाट प्रज्वल बोहरा, नेकपाबाट घनश्याम यादव, जसपाबाट मोहम्मद अस्लम खाँन लगायतको उम्मेदवारी परेको छ। यहाँ१ लाख ४६ हजार ८ सय २४ जना मतदाता छन।

यस्तै क्षेत्र नम्बर २ बाट नेकपा (एमाले) का उपाध्यक्ष बिष्णुप्रसाद पौडेल, नेपाली काँग्रेसबाट चुनुप्रसाद पौडेल, रास्वपाबाट सुलभ खरेल, नेकपाबाट बिश्वदीप पाण्डे, राप्रपाबाट कर्भिका थापा, जसपाबाट दीपक गुरुङ लगायतको उम्मेदवारी छ। यहाँ १ लाख ३५ हजार ५० मतदाता रहेका छन।

क्षेत्र नम्बर ३ मा नेपाली काँग्रेसबाट सुशील गुरुङ, एमालेबाट बासुदेव घिमिरे, रास्वपाबाट डा.लेखजंग थापा, राप्रपाबाट गौरब बोहरा, नेकपाबाट फैज अहम्मद खाँ, जसपा नेपालबाट श्रीनिवास यादव लगायतको उम्मेदवारी परेको छ। यहाँ १ लाख ४० हजार ३५ रहेका छन।

क्षेत्र नम्बर ४ मा नेपाली काँग्रेसबाट आशुतोष मिश्र, एमालेबाट प्रमोदकुमार यादव, रास्वपाबाट कन्हैया बनियाँ, जनमत पार्टीबाट भोपेन्द्र यादव , जसपा नेपालबाट सर्वेन्द्रनाथ शुक्ल, नेपाली कम्युनिष्ट पार्टीबाट बाबुलाल यादव, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट अनिउद्दिन खान लगायतले उम्मेदवारी दर्ता गराएका छन। यहाँ १ लाख १६ हजार १ सय ७२ मतदाता रहेका छन।

क्षेत्र नम्बर ५ मा नेपाली काँग्रेसबाट भरतकुमार शाह, एमालेबाट खिमलाल भट्टराई, रास्वपाबाट तौफिक अहमद खाँ, नेकपाबाट मोहम्मद वकिल मुसलमान, राप्रपाबाट मिनप्रसाद घिमिरे, जसपा नेपालबाट मोहम्मद वहिद फकिर लगायतको उम्मेदवारी परेको छ।यहाँ १ लाख ३४ हजार ४ सय ४२ मतदाता रहेका छन।

रुपन्देहीको ५ वटै निर्वाचन क्षेत्रमा दलको तर्फ जस्तै स्वतन्त्रबाट पनि उल्लेखीय रुपमा उम्मेदवारी दर्ता भएको छ। २७५ सदस्यीय प्रतिनिधि सभामा ११० जना समानुपातिक प्रणालीबाट र १६५ जना प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुन्छन्। समानुपातिकतर्फको मनोनयन पुस १३ र १४ गते सकिसकेको थियो भने प्रत्यक्षतर्फको मनोनयन आज भएको हो।